| ६.८ | | **आन्तरिक नियन्त्रण व्यवस्था:** सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ बमोजिम तालुक कार्यालयले मातहत कार्यालयको निरिक्षण गरी देखिएको व्यहोरा कार्यालयको निरिक्षण पुस्तिकामा उल्लेख गर्नु पर्ने र यसरी उल्लेख गरेको व्यहोरामा कार्यालयले कारवाही समेत गर्नु पर्दछ । त्यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूचि १४ बमोजिमको ढाँचामा कार्यालयले आर्थिक कारोवारको संक्षिप्त बार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ । तर सो अनुसार तालुक कार्यालयबाट निरिक्षण भएको र आर्थिक कारोवारको संक्षिप्त बार्षिक प्रतिवेदन तयार गरेको देखिएन । नियमावलीले गरेको व्यवस्थामा ध्यान नपुरयाएका कारण यसो हुन गएको देखिन्छ । यसले गर्दा कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था मजबुत हुन सक्दैन । तसर्थ नियमावलीले गरेको व्यवस्थाको पालना गरिनु पर्दछ । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७<br>७.१ | | **जनशक्ति व्यवस्थापनः**<br>**दरबन्दी र पदपूर्तिः** कार्यालयले स्वीकृत दरबन्दी अनुसारका पदहरु पूर्ति गरी तोकिएको लक्ष्य अनुसारका कामहरु सम्पन्न गर्नु पर्दछ । लेखापरिक्षणमा प्राप्त दरबन्दी तथा पदपूर्ति सम्बन्धी विवरण अनुसार विभिन्न पदहरुका गरि जम्मा ८० जनाको स्वीकृत दरबन्दी मध्ये ६३ जना मात्र पदपूर्ति भै १७ पदहरु रिक्त रहेको देखियो । रिक्त पदहरुमा कार्यक्रम अधिकृत एक, इन्जिनियर दुई, लेखापाल दुई, नासु पाँच, ओसी एक, सलेपा तीन, कार्यालय सहयोगी दुई भान्से एक रहेको देखिन्छ । त्यसै गरी गा.वि. स. सचिव तर्फ ६९ जनाको दरबन्दी रहेकोमा ६६ पूर्ति भई ३ रिक्त रहेको देखिन्छ । कार्यालयले समयमा नै पदपूर्तिको कार्य नगरेकोले दरबन्दी रिक्त रहेको पाईयो । यसरी स्वीकृत दरबन्दी पूर्ति नहुँदा तोकिएको लक्ष्य अनुसारको प्रगति हाँसिल गर्न कठिन पर्ने र सर्वसाधारण (सेवाग्राही) को काममा समेत असर पर्न जाने देखिन्छ । तसर्थ तोकिएको दरबन्दी अनुसारका पदहरु समयमै पूर्ति गरिनु पर्दछ । | | | |
| ८<br>८.१ | | **कार्यक्रम कार्यान्वयनः**<br>**ठेक्का सम्झौताः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) बमोजिम कार्यालयले लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरि सक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त यस सम्बन्धि विवरण अनुसार यस बर्ष सम्झौता र संचालन गरेका जम्मा ६६ ठेक्को सम्झौता अंक रु. ८,५१,५७,५४३।- मध्ये प्रथम चौमासिकमा रु. ४५,१४,३३५।- का ४ ठेक्का, दोश्रो चौमासिकमा रु. ५,१०,०८,६१३।- का २५ ठेक्का र तेश्रो चौमासिकमा रु. २,९६,३४,५९६।- को ३७ ठेक्का सम्झौता एवं संचालन गरेको देखियो । ठेक्का संख्या ६६ मध्ये ४ ठेक्का मात्र नियमावलीमा तोकेको अवधि भित्र सम्झैता भई बाँकी रु. ८,०६,४३,२०८।- का ६२ ठेक्काहरु नियमावलीमा तोकेको अवधि भित्र सम्झौता एवं संचालन गरेको देखिएन । अझ त्यस मध्ये पनि रु. २,९६,३४,५९६।- का ३७ ठेक्काहरु बर्षान्त अर्थात आषाढ महिनामा मात्र सम्झौता गरि संचालन भएका छन् । यसो हुनुको मुख्य कारणमा तालुक विभागबाट अख्तियारी समयमा नआउनु, कार्यालयले सममै कार्यक्रम नबनाउनु, तोकिएको समयमा योजनाको संचालन नगरी ढिलाई गर्नु आदि रहेका छन् । यसरी तोकिएको समयमा योजना संचालन गर्न नसक्दा गुणस्तरीय तवरबाट समयमै योजना सम्पन्न गर्न कठिनाई पर्ने देखिन्छ । तसर्थ ठेक्काको व्यवस्थापनमा समुचित ध्यान पुरयाउनु पर्दछ । | | | |
| ८.२ | | **म्याद थपः** कार्यालयले उपभोक्तृ समिति मार्फत निर्माण कार्य गराउँदा समितिसँग भएको सम्झौतमा तोकिएको अवधि भित्र कार्य सम्पन्न गर्नु पर्दछ । काबु बाहिरको परिस्थिति पर्न गई म्याद थप गर्नु पर्ने अवस्था भएमा त्यस्तो परिस्थिति खुलाई निर्णय गरि उचित रुपमा मात्र म्याद थप गरिनु पर्दछ । कार्यालयबाट प्राप्त म्याद सम्बन्धी विवरण अनुसार विभिन्न ३ योजनामा शुरु अवधिको ५०प्रतिसत सम्म, एक योजनामा ५१ प्रतिसत देखि सतप्रतिसत सम्म र एक योजनामा सत्प्रतिसत भन्दा पनि बढी अवधिको म्याद थप दिएको देखियो । तोकिएको कार्यतालिका अनुसार उपभोक्ता समितिले काम नगरेको कारण यस्तो स्थिति आएको देखिन्छ । यसरी उपभोक्ता समितिले | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | योजनाको काममा ढिलाई गर्ने र कार्यालयले पनि क्रमिक रुपमा म्याद थप दिदैं सत्प्रतिसत भन्दा पनि बढी अवधि थप गर्दै जाँदा समयमा कार्य सम्पन्न नहुने, निर्माण सामग्रीको मुल्य बढदै जाने, गुणस्तरीय काम नहुने आदि अवस्था आउन सक्दछ । तसर्थ तोकिएको समयमा नै योजना सम्पन्न गर्न उपभोक्ता समिति एवं कार्यालयले ध्यान पुरयाउनु पर्दछ । | | | |
| ९ | | **धरौटीः** धरौटी तर्फ श्रेस्ता अनुसारको मौज्दात र बैंक मौज्दातको हिसाब मिलान गर्नु पर्दछ । गत बर्षको जिम्मेवारी रु. २,४०,६५,०४२।४३ यस बर्षको आम्दानी रु. ५९,६४,७२५।४४ गरि जम्मा आम्दानी रु. ३,००,२९,७६७।८७ मध्येबाट फिर्ता भएको रु. ८०,०८,३९३।- घटाई श्रेस्ता अनुसार बाँकी रु. २,२०,२१,३७४।८७ हुनु पर्नेमा बैंक खातामा रु. २,१३,८६,४३४।८७ मात्र बाँकी भै गत विगत बर्ष देखिनै बैंक घटी रकम रु. ६,४७,९४०।- देखिन आएको छ । गत विगत बर्ष देखि नै यसको खोजी निति नगरेको कारणले यस्तो अवस्था देखिन आएको छ । यसरी बैंक घटी देखिदा धरौटी राख्ने व्यक्ति वा संस्था धरौटी फिर्ता माग्न आएमा दिन सक्ने अवस्था रहँदैन । तसर्थ अविलम्ब छानविन गरि घटि रकम असुल गरिनु पर्दछ । | | | |

| क्र.स. | गो.भौ.नं. मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| १० १०.१ | | **बजेट व्यस्थापनः** **अख्तियारीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ अनुसार हरेक आर्थिक बर्षको स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक बर्ष शुरु भएको १५ दिन भित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तर यस बर्ष पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम सचालन गर्नको लागि रु. १,६९,७७,०००।- को अख्तियारी स्थानीय विकास मन्त्रालयको च.नं. ९९ मिति २०६९।३।६ को पत्रबाट यस कार्यालयमा पठाएको देखियो । नियमावलीको पालना नगरी अख्तियारी पठाएको कारण यसो हुन गएको देखिन्छ । यसरी आषाढ महिनामा अख्तियारी पठाएको कारण कार्यालयले कार्यक्रम संचालनको लागि सोही महिनामा पेश्की दिंदा बर्षान्तमा रु. १,८४,९२,०९०।- पेश्की बाँकी रहन गएको देखिन्छ । तसर्थ नियमावलीमा तोर्कि अनुसारको अवधि भित्र तुलक मन्त्रालयबाट अख्तियारी प्रदान गरिनु पर्दछ । | | | |
| १०.२ | ४७०६९।३।२५ | **ट्रान्सफरः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३ (६) अनुसार नेपाल सरकारबाट केन्द्रिय बजेट मार्फत प्राप्त एको रकम सम्बन्धित शीर्षकमा कार्यक्रम स्वीकृत गराई खर्च गर्नु पर्ने खर्च नभई बाँकी रहेमा बर्षान्तमा फ्रिज गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विद्युत विकास कार्यक्रममा प्राप्त भएको बजेट रु. ६०,००,०००।- मध्ये खर्च गरि बषान्तमा बाँकी रहेको रु. १०,३४,६६०।- फ्रिज नहुने आन्तरिक कोष खातमा ट्रान्सफर गरेको देखियो । यस विषयमा स्थानीय विकास मन्त्रालयबाट राजस्व बाँडफाँटको रकम भएकोले फ्रिज नहुने भनि लेखि आएबाट आन्तरिक कोष खातामा ट्रान्सफर गरेको कार्यालयको भनाई रहेको छ । केन्द्रिय बजेट मार्फत निकासा भई बर्षान्तमा बाँकी रहेको रकम फ्रिज हुने वा नहुने कुराको निरुपण महालेखा नियन्त्रक कार्यालयले गर्दछ । महालेखा नियन्त्रक कार्यालयबाट माथि उल्लेखित कार्यक्रमको रकम फ्रिज नहुने भनि लेखा आएको देखिदैन । यसरी फ्रिज गर्नु पर्ने शीर्षकको रकमलाई फ्रिज नहुने खातामा ट्रानसफर गर्दा संचित कोषको रकम न्युन हुन जान्छ । यसविषयमा महालेखा परीक्षकको विगतको बार्षिक प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा छलफल हुँदा खर्च गरी बाँकी रकम संचित कोष दाखिला गर्ने भनि निर्णय भएकोले उक्त ट्रानसफर गरेको रकम संचित कोष दाखिला गर्नु पर्ने रु. | १०,३४,६६०।- | | |
| १०.३ | ३७०६८।७।२८ | **अख्तियारी कार्यान्वयनः** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ स्थानीय विकास मन्त्रालयको च.नं. २१ मिति २०६८।५।२६ को अख्तियारी पत्रसाथ संलग्न थप निर्देशनमा जिल्ला विकास समितिले गत आ.व.को भुक्तानी दिन बाँकी रकम भुक्तानी गर्दा पालना गर्नु पर्ने अनिवार्य शर्तहरु उल्लेख गरेको छ । थप निर्देशनको सर्त नं. ७ मा गत आर्थिक बर्षमा जिल्ला विकास समितिको आन्तरिक श्रोत, राजस्व बाँडफाँट, विकास अनुदान वा अन्य कुनै श्रोतबाट भुक्तानी भैसकेको आयोजना तथा कार्यक्रमका लागि गत आर्थिक बर्षको भुक्तानी दिन बाँकी रकमको प्राप्त अख्तियारीबाट यस आर्थिक बर्ष खर्च लेख्न वा सोधभर्ना गर्न सकिने छैन भनि उल्लेख छ । आर्थिक | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बर्ष ०६७।६८ मा यस कार्यक्रमको तेश्रो चौमासिक फुकवा नभएको कारण विभिन्न गा.वि.स. र जि.वि.स. मार्फत संचालित योजनाहरुको उपभोक्ता समितिलाई दिनु पर्ने रकम अभाव हुन गै भुक्तानी बांकी विवरणमा देखाएको पाईयो । जिल्ला विकास समितिलाई यस कार्यक्रम अर्न्तगत प्राप्त अख्तियारी रु. ३,६९,६८,७३६।- मध्ये गत आर्थिक बर्षको भुत्तानीको लागि रु. २,२०,०९,५०८।- विनियोजन भएको छ । यसरी विनियोजन भएको रकम मध्येबाट जिल्ला विकास समितिले गत आर्थिक बर्षमा जिविस कोष पूँजिगतबाट सापटी ल्याई यस कार्यक्रम अर्न्तगत संचालित विभिन्न योजनाहरुमा भुक्तानी दिएको रु. ७८,५०,०००।-उक्त कोष पूँजिगत खातालाई सापटी सोधभर्ना गरी खर्च लेखेको देखियो । योजनासँग सम्बन्धित निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुले योजनाको रकम माग गरेका तर सम्बन्धित कार्यक्रममा बजेट नभएको कारण यसरी आन्तरिक श्रोतबाट रकम सापटी ल्याई खर्च गरेको कार्यालयले जनाएको छ । सम्बन्धित कार्यक्रममा बजेट नभएपछि अन्य कार्यक्रमबाट सापटी ल्याई खर्च गर्दा सापटी लिएको कार्यक्रममा जोखिमको स्थिति श्रृजना हुन जान्छ । जसको फलस्वरुप तालुक विभागबाट प्राप्त थप निर्देशनको सर्त नं. ७ अनुसार यस बर्ष प्राप्त अख्तियारी रकमबाट आन्तरिक श्रोतको सापटी सोधभर्ना गर्न मिल्ने नदेखिएकोले उक्त रकम नियमित गर्नु पर्ने रु. | ७८,५०,०००।- | | |
| १०.४ | | **योजनाको छनौट:** पिछडिएको तराई मधेश विशेष कार्यक्रम कार्यान्वयन मार्ग दर्शनको बुँदा नं. ४ अनुसार कार्यक्रमको लागि विनियोजित बजेटबाट ग्रामीण सडकहरुमा पुल, कर्ल्भट निर्माण १, घर १ शौचालय, खानेपानी तथा आरसेनिक न्युनिकरण कार्यक्रम, सिंचाई योजना, मधेशका जनताको भाषा संस्कृति परम्परा सिप प्रवर्द्धन गर्ने कार्यक्रम, सामाजिक आर्थिक विकाससँग सम्बन्धित कार्यक्रम संचालन गरि पिछडिएको तराई मधेशका जनताको जिवनस्तर सुधार गरि गरिबी घटाउने लक्ष्य राखेको देखियो । तर यस बर्ष विनियोजित बजेट रु. ५२,५०,०००।- को योजना छनौट गर्दा ३ वटा सडकहरु मात्र निर्माण मर्मत गर्न छनौट गरि त्यसमा रु. ४१,९५,८४६।- खर्च भएको छ । मार्गदर्शनले गरेको व्यवस्थाको पूर्ण अनुसरण नगरी कार्यक्रम छनौट गरेको कारण यसो हुन गएको देखिन्छ । यसले गर्दा लक्षित वर्गलाई प्रत्यक्ष फाईदा पुग्न गएको देखिएन । तसर्थ कार्यक्रमको उद्देश्य र लक्ष्य पुरा हुने गरि योजनाको छनौटमा ध्यान पुरयाउनु जरुरी छ । | | | |
| ११<br>११.१ | | **खरिद व्यवस्थापन:**<br>**कर विजक:** मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ (४) अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्तिले प्रापकलाई तोकिएको ढाँचामा कर विजक दिनु पर्ने व्यवस्था छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्रमा कर विजक नं. हातले लेख्न नहुने भनि तोकिएको छ । तर देहायको विवरण अनुसारका विभिन्न निर्माण व्यवसायी/विक्रेताले जारी गरेको कर विजकमा विजक नं. उल्लेख नगरेको, विजक नम्बर हातले लेखेको, विजक नं. केरमेट गरि सच्चाएको देखिन आयो । विजक जारी गर्नेले कर छल्ने अभिप्रायले पनि यसो गरेको हुन सक्दछ । यस्तो कर विजकबाट भुक्तानी भएको मु.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला नहुन पनि सक्दछ । यसले गर्दा सरकारी राजस्व न्युन हुन जान्छ । तसर्थ त्यस्ता कर | | | |

विजकबाट भुक्तानी भएको मु.अ.कर दाखिला वा समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.

७,१७,१६६।७७

| क.स. | कार्यक्रमको नाम | भौ.नं. र मिति | मु.अ.कर भुक्तानी पाउनेको नाम | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | केन्द्रिय स्तरका सडक | २४।०६९।३।२५ | ठे.धनेश्वर नि.स. | १७१७८।०० | मंगलापुर देखि लोण्डीहवा सडक मर्मत |
| २ | केन्द्रिय स्तरका सडक | २५।०६९।३।२५ | ठे. बराही नि.स. | ११३३७।०० | शंकरनगर करहिया सडक मर्मत |
| ३ | केन्द्रिय स्तरका सडक | २६।०६९।३।२५ | ठे. रफिना कन्ट्रक्सन | १७०७७।०० | शंकरनगर करहिया सडक मर्मत |
| ४ | स्था.शा. तथा सा.वि. | ४।०६८।५।२९ | ठे. एशियाली कन्सट्रक्सन | ९१७८८।७८ | बेथरी तामनगर सडक |
| ५ | स्था.स्तरका सडकपुल | ९।०६८।६।५ | वाई पि जयबुद्ध जेभि | १५९७८०।०० | तेलार नदी पुल |
| ६ | स्था.स्तरका सडकपुल | २३।०६८।१२।२८ | वाई पि जयबुद्ध जेभि | ३५५२४१।०० | तेलार नदी पुल |
| ७ | स्था.स्तरका सडकपुल | २७।०६९।१।२७ | निर्मल नि.सेवा | ६४७६४।९९ | कर्ल्भट नि.बुनपा |
| | | | जम्मा | ७१७१६६।७७ | |

११.२ गत बर्ष सम्पन्न भई रकम अभावको कारणले भुत्तफनी हुन नसकि आगमी बर्ष भुक्तानी गर्ने गरि भुक्तानी दिन बाँकीको विवरण (अनुर्सचि २४) मा राख्दा योजनाको कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, बिल भरपाई आदि प्रमाणहरु संलग्न गरी सो अनुसार ठहरिएको रकम मात्र भुक्तानी दिन बाँकीको विवरणमा राख्नु पर्दछ । तर देहाय अनुसारका योजनाको रकम भुक्तानी दिन बाँकीको विवरणमा चढाएता पनि देहायका गोश्वारा भौचरहरुबाट रकम भुक्तानी गर्दा ति योजनाको प्रथम रनिंग विल संलग्न गरि भुक्तानी दिएको देखियो । यसले गर्दा ति योजनाहरुमा कार्यालय र निर्माण व्यवसायी विच सम्झौता भएको रकमलाई नै भुक्तानी दिन बाँकीको विवरणमा चढाई गत बर्ष योजनाको कार्य सम्पन्न नभएको स्पष्ट देखिन्छ ।

| क.स. | भो.नं. र मिति | योजनाको नाम | निर्माण व्यवसायी | भुक्तानी बांकी विवरणमा देखिएको रकम | यस बर्ष भुक्तानी विवरण |
|---|---|---|---|---|---|
| १ | ७।०६८।५।३० | उपस्वास्थ्य चौकी भवन निर्माण, फरेना | मिना निर्माण सेवा | ६३४२९४।०० | प्रथम विलको रु. ८३४२९३।२५ मध्येबाट रु. ५३७२७७।- भुक्तानी |

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>भएको</td></tr>
<tr><td>२</td><td>८।०६८।५।३०</td><td>उपस्वास्थ्य चौकी भवन नि.करौता</td><td>मिना निर्माण सेवा</td><td>६६४२५२।००</td><td>प्रथम रनिंग विल रु. ८,७८,७८३।- मध्ये पेश्की र. २,१३,०००।-कटाई रु. ६,१५,२३४।- भुक्तानी दिएको</td></tr>
</table>
गत आर्थिक बर्षमा योजनाको निर्माण कार्य सम्पन्न नभई निर्माण व्यवसायीसँग भएको सम्झौता अंकलाई नै भुक्तानी दिन बाँकीको विवरणमा चढाएको कारण यस बर्ष प्रथम रनिंग विल पेश हुन आएको देखिन्छ । यसबाट भुक्तानी दिन बाँकी विवरणको उद्देश्य मुलक तवरबाट काम गरेको देखिएन । तसर्थ योजनाको काम सम्पन्न नहुँदै भुक्तानी बाँकी विवरणमा देखाउने परिपाटीको अन्त्य हुनु पर्दछ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td>१२<br>१२.१</td><td></td><td>
<u>जिन्सी व्यवस्थापन:</u><br>
<u>जिन्सी निरिक्षण:</u> स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ अनुसार जिन्सी निरिक्षण गरि तयार गरेको प्रतिवेदनमा उल्लेख भएका व्यहोरा उपर कारावही गरिनु पर्दछ । कार्यालयको आर्थिक बर्ष ०६८।६९ को जिन्सी निरिक्षण प्रतिवेदन अनुसार जिल्ला विकास समितिका तत्कालिन पदाधिकारीहरुले बुझि लिएका निम्न विवरणअनुसारका जिन्सी सामानहरु कार्यालयमा फिर्ता गरेको देखिएन । जिन्सी खातामा मोटर साईकल बाहेक अन्य सामानहरुको मुल्य खुलाएको पाईएन । यस विषयमा छलफल गर्दा सामानहरु धेरै पुराना भएका र केही सामानहरु मर्मत गरेर पनि दिएको कार्यालयले जनाएको छ ।
<table>
<tr><td>क्र.स.</td><td>पदाधिकारीको नाम</td><td>बुझिलिएका सामाहरु</td></tr>
<tr><td>१</td><td>मनोनित ईलाका सदस्य लाल ब. थापा</td><td>टेबुल १ थान<br>काठको कुर्सी १ थान<br>पंखा १ थान</td></tr>
<tr><td>२</td><td>ईलाका सदस्य हर्ष बहादुर पुन</td><td>काठको पलंग १थान<br>कुर्सी १ थान<br>पुरानो सोफासेट १ थान</td></tr>
<tr><td>३</td><td>ईलाका सदस्य शिव कु.चौधरी</td><td>पलंग १थान<br>कुर्सी १ थान</td></tr>
<tr><td>४</td><td>ईलाका सदस्य रुक्मागत पाण्डे</td><td>पलंग २ थान<br>ग्यास सिलिण्डर सहितको चुलो १थान<br>कुर्सी २ थान</td></tr>
<tr><td>५</td><td>लेखापाल बिष्णु ज्ञवाली</td><td>लो.बेड १ थान</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td>लो.बेड मेट्रेस १ थान<br>पंखा १ थान</td></tr>
<tr><td>६</td><td>तत्कालिन जिल्ला पंचायत उपसभापति पारसनाथ यादव</td><td>लु अब ५२४ नं.को राजदुत मोटर साईकल २०३८ सालमा बुझिलिएको परलमुल्य रु. १५,३८५।-</td></tr>
<tr><td>७</td><td>तत्कालिन गाविस सचिव लक्ष्मण अर्याल शंकरनगर गाविस</td><td>२०६५ सालमा शंकरनगर महोत्सवको लागि भनि फिर्ता गर्ने गरि लिएको पानी टैंकी २ थान</td></tr>
</table>
सरकारी सामान बुझेर लगेपछि कार्यालयमा फिर्ता गर्ने तर्फ चासो नदेखाएको र कार्यालयले फिर्ता बुझाउन कारवाही पनि गरेको नदेखिएकोले यस्तो स्थिति आएको देखिन्छ । यसले गर्दा सरकारी सामानहरु धेरै बर्ष अगाडी देखि व्यक्तिगत प्रयोग भैरहेको अवस्था छ। तसर्थ कार्यालयले अविलम्ब कारवाही गरि सामान फिर्ता लिने वा सोको मुल्य रकम एकिन गरी असुल गर्नु पर्दछ ।
</td>
<td></td>
<td></td>
<td></td>
</tr>
<tr>
<td>१२.२</td>
<td></td>
<td>भौतिक परिक्षणः कार्यालयका जिन्सी सामानहरु सरकारी कामको सिलसिलामा विभिन्न कर्मचारीहरुलाई सहायक जिन्सी खातामा मार्फत जिम्मा जमानी गराएर मात्र दिनु पर्दछ । कार्यालयका जिन्सी प्रमुख कर्ण कुमार क्षेत्रीको उपस्थितिमा २०६९।५।१७ का दिन जिन्सी खातामा प्रविष्ट भएका सामानहरु मध्ये नमूना छनौट गरि मोटर साइकल, ल्यापटप, मोबाईल, क्यामरा, र टेलिभिजनको भौतिक परिक्षण कार्य सम्पन्न गरियो । भौतिक परिक्षणबाट मोबाईल ११ थान, ल्यापटप १३ थान, मोटरसाईकल ३२ थान, क्यामरा १३ थान, टेलिभिजन ४ थान आम्दानी देखाएको छ । सरकारी कामको सिलसिलामा ति सामानहरु कर्मचारीहरुलाई वितरण गर्दा सहायक जिन्सी खाता मार्फत जिम्मा जमानी गराई बुझाएको देखिएन । परल मुल्य रु.४,३००।- देखि रु. २१,७००।- सम्म रहेको ११ थान मोबाइल मध्ये ५ थान बिग्रेको अवस्थामा जिन्सीमा मौज्दात रहेको, ५ थान विभिन्न कर्मचारीहरुलाई वितरण गरेको देखिएकोले बाँकी रहेको १ थान जिन्सीमा मौज्दात रहनु पर्नेमा मौज्दात देखिएन । वितरण गरेको मध्ये कर्मचारी राधा आर.सी. को नाममा २ थान मोबाईल देखियो । त्यसैगरी ३२ थान मोटरसाईकल मध्ये विभिन्न कर्मचारीले प्रयोग गरेका लु२ प ८६१५, लु.२ प ८६१६, लु४ प १७७१, लु३ प ३२४१ र लु४ प ५३६९ नम्बरका मोटर साईकलहरु सरकारी सेतो प्लेटमा परिवर्तन नगरी निजी रातो प्लेटमा नै रहेको छन् । १३ थान क्यामरा मध्ये ई.शंकर बहादुर शाहको नाममा २ थान क्यामरा देखियो ।<br>कार्यालये सरकारी सामान वितरण गर्दा जिम्मा जमानीमा कडाई नगरको साथै सरकारी कामको अतिरिक्त निजी काममा समेत प्रयोग गर्न सकिने कारणले गर्दा यस्तो अवस्था हुन गएको देखिन्छ । यसले गर्दा एकातिर सरकारी सामानहरु निजी काममा प्रयोग हुने र अर्को तिर विधिवत जिम्मा जमानी नहुँदा कालान्तरमा ति सामानहरु लोप नहोलान भन्न पनि सकिदैन । तसर्थ नपुग भएको १ थान मोबाईलको परल मुल्य एकिन गरि सम्बन्धितबाट असुल गरिनु पर्दछ । एकै कर्मचारीलाई दिएको २।२ थान मोबाईल र क्यामराहरु मध्ये १।१ थान अविलम्ब जिन्सीमा फिर्ता गरिनु पर्दछ ।</td>
<td></td>
<td></td>
<td></td>
</tr>
</table>

रातो प्लेटका ५ थान मोटरसाईकलहरु अविलम्ब सेतो प्लेटमा परिवर्तन गरिनु पर्दछ । सरकारी मालसामानहरु कर्मचारीहरुलाइ प्रयोग गर्न दिंदा सहायक जिन्सी खातमा मार्फत जिम्मा जमानीगराई जिन्सी सामाहरुको समुचित व्यवस्थापन हुनु पर्दछ ।

१३ **उपभोक्ता समिति परिचालन:**

१३.१ **कार्य संचालन स्थिति:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत योजना संचालन गर्दा सम्झौतामा तोकिएको अवधि भित्र उपभोक्ता समितिले काम सम्पन्न गर्नु पर्दछ । मनासिक माफिकको कारण परि तोकिएको अवधि भित्र काम सम्पन्न गर्न नसकि म्याद थप गर्नु पर्ने अवस्था भएमा म्याद थपको कारवाही अगाडी बढाउनु पर्दछ । पश्चिम नेपाल गामीण खानेपानी कार्यक्रम अर्न्तगत नेपाल सरकारको अनुदान एवं फिनलैण्ड सरकारको सोझै भुक्तानी अनुदानबाट संचालित देहाय अनुसारका ग्रामीण खानेपानी तथा सरसफाई आयोजनाहरु सम्झौतामा तोकिएको अवधि भित्र सम्पन्न भएका र लेखापरिक्षण अवधि (मिति २०६९।५।२१) सम्म म्याद थपको कार्य प्रकृया समेत अघि बढाएको देखिएन ।

| क.स. | योजनाको नाम | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | यस बर्ष सम्म भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | ब्रम्हबाबा (बक्सड) खा.पा. योजना उ.स. | ११६१५४४९।३४ | ०६८।१२।१२ | ०६९।३।३० | ३२४२०००। पेश्की मात्र |
| २ | कोटीमाई खा.पा. तथा स.स. | १०५१९०२१।४० | ०६८।१२।२७ | ०६९।३।३१ | ३०७५०००। पेश्की मात्र |
| ३ | ओभरहेड टैंकी नि. सिलौटिया उ.स. | ३९६५७५१।८६ | ०६८।३२२ | ०६९।३।३० (म्याद थप समेत) | १९६३०००। पेश्की समेत) |
| ४ | धुपही ओभरहेड खा.पा. टैंकी नि.उ.स. | ३६६८९८८।४५ | ०६८।३।२४ | ०६८।१२।२३ | १८१६०००। पेश्की समेत |
| ५ | ओभरहेड टैंकी निर्माण आमा उ.स. | ४३६३९२५।४४ | २०६८।३।२० | २०६८।१२।३० | २५६००००।०० पेश्की समेत |

निर्माण कार्यका साझेदारहरु जिल्ला विकास समिति, गाउँ विकास समिति तथा उपभोक्ता समिति सबैले सम्झौता अनुसार काम सम्पन्न गर्न सक्रिएता नदेखाएको कारण यसो हुनगएको देखिन्छ । यसरी तोकिएको मितिमा काम सम्पन्न गर्दा योजना अधुरो हुने, लागत बढन सक्ने, लाभग्राही पक्ष समयमै लाभान्वित हुन नसक्ने र अन्तमा बैदेशिक अनुदानदातामा समेत नकारात्मक प्रभाव पर्न सक्दछ । तसर्थ सम्झौता अनुसार तोकिएको मितिमा काम सम्पन्न गर्न योजना निर्माणका साझेदार सबैले सक्रियता देखाउनु जरुरी छ ।

१४ **वित्तिय तथा आर्थिक व्यवस्थापन**

१४.१ **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० अनुसार बाँकी पेश्की

| | | | | | |
|---|---|---|---|---|---|
| | | रकम फछर्यौट गर्नु पर्दछ । तर देहायको विवरण अनुसार गएको पेश्की रकम आर्थिक बर्षको अत सम्म पनि फछर्यौट नभई बाकी नै देखिन्छ । बर्षान्तमा पेश्की दिने र समयमा कार्यक्रम संचालन नगर्ने आदि कारणले गर्दा यसरी पेश्की बाँकी रहनगएको देखिन्छ । यसले गर्दा तोकिएको काम तोकिएको समयमा संचालन हुन नसकी निर्धारित लक्ष्य प्रगतिमा समेत प्रभाव पर्न जान्छ । तसर्थ बाँकी देखिएको पेश्की रकम नियमावली अनुसार फछर्यौट गर्नु पर्ने रु. | ८,६५,४९,२७८।- | | |

| क्र.स. | पेश्की लिनेको नाम | ?कम |
|---|---|---|
| ज्ञ | पदम बहादु? वि.क. | १००००।०० |
| | जम्मा | १००००।०० |

| क्र.स. | पेश्की लिनेको नाम | ?कम |
|---|---|---|
| ज्ञ | हरि? पौल | २२५०००।०० |
| | जम्मा | २२५०००।०० |

| क्र.स. | पेश्की लिनेको नाम | ?कम |
|---|---|---|
| ज्ञ | जर्नादन यादव, गोनहा | ९९२३७८।०० |
| द्द | सिकचन यादव, कम्हरि?या | ८८६०१०।०० |
| घ | महेन्द्र क्षेत्री, बुनपा | ३४४०००।०० |
| | जम्मा | २२२२३८८।०० |

| क्र.स. | पेश्की लिनेको नाम | रकम |
|---|---|---|
| ज्ञ | बोखिम ए० वि.वि. कन्ट्र्क्सन | ८०००००।०० |
| द्द | लुम्बिनी विर्ल्स सिनपा ढ | ६६०००००।०० |
| | जम्मा | ७४०००००।०० |

| क्र.स. | पेश्की लिनेको नाम | ?कम |
|---|---|---|
| ज्ञ | देवदह गाविस | १०८४०००।०० |
| द्द | प?ौहा गाविस | १८५५०००।०० |

| | | |
|---|---|---|
| घ | प?शु?ेम लोध, आमा | ४०००००।०० |
| द्ध | ?ेमअचल भ?, सिलौद्दिया | ९८१५००।०० |
| छ | ?ामलखन ह?जन, सिलौद्दिया | ९९१००।०० |
| ट | जोगा गाविस | २०००००।०० |
| ठ | अव्दुल कलाम खा), जोगा | ९०८०००।०० |
| ड | ?ाम बहादु? वि.क.,प?ोहा | ३०७५०००।०० |
| ढ | यक बहादु? सुना? देवदह ढ | २५००००००।०० |
| ज्ञण | सिलौद्दिया गाविस | २०००००।०० |
| ज्ञज्ञ | प?ोहा पर्शु?ाम सापकोध्र ब्रहम बाबा | ३२४२०००।०० |
| ज्ञद्द | ह? पौल | १८००००।०० |
| ज्ञघ | विकास यादव, बु४ प्रावि, आमा | ८०४००।०० |
| ज्ञद्ध | लालसा भ?, मर्चवा?ी प्रावि, सिलौद्दि | ७९६००।०० |
| ज्ञछ | मनोह? यादव, ह?नामपु? प्रावि,सिलौद्द | ७९६००।०० |
| ज्ञट | शैलेन्द्र तुलाध?, नेपाल ?ेक्रस सोसाइटी | ४४३०००।०० |
| ज्ञठ | मुक्ति?ाम पोखे?ल,सिआ?ीसि | ७२३८९०।०० |
| ज्ञड | बिष्णु गौतम, इन्द्रेणी ग्रामीण विकस | १४३६०००।०० |
| ज्ञढ | लक्ष्मीनाथ १वाली, ग्रामीण विकास तथा स्वाबलम्बन | ७२५०००।०० |
| द्दण | भी.वास.सी.सी | २०००००।०० |
| | जम्मा | १८४९२०९०।०० |

| क्र.स. | पेश्की लिनेको नाम | ?कम |
|---|---|---|
| ज्ञ | अर्३खा)ची निर्माण सेवा, सिनपा | ३७०००००।०० |
| | जम्मा | ३७०००००।०० |

| क्र.स. | पेश्की लिनेको नाम | ?कम |
|---|---|---|
| ज्ञ | आमा गाविस | १००४२००।०० |
| द्द | आनन्दवन | २३२९२००।०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | घ | प.अमवा | ४७६००।०० | | | | |
| | | द्ध | असु?ना | १४५०००।०० | | | | |
| | | छ | बगाहा | ५१४६००।०० | | | | |
| | | ट | बगौली | ७०८००।०० | | | | |
| | | ठ | बै?श६ | ५१६६००।०० | | | | |
| | | ड | ख.बनगाई | ८२९४००।०० | | | | |
| | | ढ | बसन्तपु? | ५७१६००।०० | | | | |
| | | ज्ञण | बेतकुईया) | ४६९८००।०० | | | | |
| | | ज्ञज्ञ | भगवानपु? | १०३६०००।०० | | | | |
| | | ज्ञद्द | विष्णुपु?ा | १४१०४००।०० | | | | |
| | | ज्ञघ | बोदबा? | ९८५६००।०० | | | | |
| | | ज्ञद्ध | बोगी | ८५३६००।०० | | | | |
| | | ज्ञछ | ?पाग९ | ३००००।०० | | | | |
| | | ज्ञट | ?ो.?ामनग? | २४०००।०० | | | | |
| | | ज्ञठ | चिल्हिया | ३१०००।०० | | | | |
| | | ज्ञड | दयानग? | १२१३८००।०० | | | | |
| | | ज्ञढ | देवदह | ३३५४४००।०० | | | | |
| | | द्दण | धकधई | ६७०४००।०० | | | | |
| | | द्दज्ञ | धमौली | १६०००।०० | | | | |
| | | द्दद्द | एकला | ८३५८००।०० | | | | |
| | | द्दघ | फ?ना | ५९२४००।०० | | | | |
| | | द्दद्ध | गर्जी | ७६८००।०० | | | | |
| | | द्दछ | ग)गोलिया | ६३३४००।०० | | | | |
| | | द्दट | गोनहा | ९५४८००।०० | | | | |
| | | द्दठ | हादी बनगाई | ६८०८००।०० | | | | |
| | | द्दड | जोगा | ३२८००।०० | | | | |
| | | द्दढ | कम्हि?या | १४७९४००।०० | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | घण | क?हिया | २०२१०००।०० | | | | |
| | | घज्ञ | क?ौता | ९४७६००।०० | | | | |
| | | घद्द | खुदाबाग? | ४०००।०० | | | | |
| | | घघ | लुम्बिनी | ४४०००।०० | | | | |
| | | घद्ध | मधुवनी | ३६४००।०० | | | | |
| | | घछ | मैनहिया | ५१६००।०० | | | | |
| | | घट | मझगा)वा | ५१३४००।०० | | | | |
| | | घठ | मक्रह? | २११३४००।०० | | | | |
| | | घड | मानपकी | १००००।०० | | | | |
| | | घढ | मानमद्दे?िया | ७३०२००।०० | | | | |
| | | द्धण | मर्यादपु? | ५२६८००।०० | | | | |
| | | द्धज्ञ | मसिना | ५०८०००।०० | | | | |
| | | द्धद्द | मोतीपु? | २८०००।०० | | | | |
| | | द्धघ | पस?ी | १०००।०० | | | | |
| | | द्धद्ध | सक्रौनपकी | ६६४०००।०० | | | | |
| | | द्धछ | प?ोहा | ९४७०००।०० | | | | |
| | | द्धट | पद्दखौली | ५८८०००।०० | | | | |
| | | द्धठ | सौ.फर्सादिक? | ११४९६००।०० | | | | |
| | | द्धड | पोख?भिठी | ६२६६००।०० | | | | |
| | | द्धढ | ?ायपू? | १५५३८००।०० | | | | |
| | | छण | ?ोईनिहवा | ५१७०००।०० | | | | |
| | | छज्ञ | रूद्रपु? | ६०२२४००।०० | | | | |
| | | छद्द | सा?ी | ६१४८००।०० | | | | |
| | | छघ | सालझठी | १७०२८००।०० | | | | |
| | | छद्ध | सेम?ा | ७९५०००।०० | | | | |
| | | छछ | सेमला? | १४३९०००।०० | | | | |
| | | छट | ?श)क?नग? | ३३००००।०० | | | | |

| | | |
|---|---|---|
| छठ | सिनपा | ५०००।०० |
| छड | सिक्६हन | १६०००।०० |
| छढ | सिलौढ्या | ८३६६००।०० |
| टण | सिपवा | ३४०००।०० |
| टज्ञ | सुर्यपु?ा | १६८६२००।०० |
| टद्द | तेनुहवा | ८८८०००।०० |
| टघ | थु.पिप?हवा | ४९२०००।०० |
| टद्ध | ढ्किुलीग९ | १४७८२००।०० |
| टछ | मधवलिया | १११३६००।०० |
| टट | हर्नैया | १०६००।०० |
| टठ | प?ोहा | २०४४०००।०० |
| | जम्मा | ५४४९९८००।०० |
| | जम्माजम्मी | ८६५४९२७८।०० |

१४.२ **आन्तरिक लेखापरिक्षण प्रतिवेदनः-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८ (च) अनुसार अन्तिम लेखापरिक्षण गर्नु अघि आन्तरिक लेखापरिक्षणबाट औल्याएको बेरुजु उपर कारवाही गरि अन्तिम लेखापरिक्षक समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदनले औल्याएका देहायका व्यहोरा उपर लेखापरिक्षण अवधि (२०६९।५।२१ ) सम्म पनि कारवाही भए गरेको देखिएन । यसले गर्दा कार्यालयको आन्तरिक नियन्त्रण पक्ष मजुबद देखिन आएन । तसर्थ आन्तरिक लेखापरिक्षण प्रतिवेदनले औल्याएका व्यहोरा उपर आवश्यक कारवाही गरि कार्यालयको आन्तरिक नियन्त्रण पक्षलाई दरिलो बनाउनु पर्दछ ।

क) जिल्ला विकास समिति अनुदान संचालन कार्यविधि २०६७ अनुसारको प्रकृया पुरयाई उपभोक्ता समिति गठन गरि सो समिति मार्फत ढिकीपम्प जडान गर्नु पर्नेमा पिछडावर्ग महासंघका अध्यक्ष त्रियुगीनारायण ठाकुरलाई पेश्की दिई कार्य गराएकोले नियमसंगत देखिएन ।

ख) २१।०६९।३।२५ रघुनाथ यादवलाई हैण्डपाईप जडान सम्बन्धि खर्च रु. ३,४०,०००।- भुक्तानी दिएकोमा निम्न व्यहोरा देखिएको ।

१) जिल्ला विकास समिति अनुदान संचालन कार्यविधि २०६७ अनुसारको प्रकृया पुरयाई उपभोक्ता समिति गठन गरि सो समिति मार्फत हैण्ड पम्प जडान कार्य गर्नु पर्नेमा त्यसो नगरी रघुनाथ यादवलाई पेश्की दिई कार्य गराएकोले नियम संगत देखिएन ।

२) पम्पजडान सम्बन्धि पाईप खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएका बिक्रेता मार्फत खरिद गर्नु पर्नेमा त्यसो नगरी बिल टुक्रयाएर मु.अ.करमा दर्ता नभएकासँग खरिद गरेकोले खर्च नियम

<table>
<tr><td></td><td></td><td>संगत देखिएन ।<br>३) आयकर ऐन २०५८ को दफा ८९ अनुसार सामान खरिद वापत राजन जनरल अर्डरसप्लार्यसलाई भुक्तानी दिएको रु. ९८,१००।- मा १.५ प्रतिसतले अग्रिमकर कट्टा गर्नु पर्नेमा नगरेकोले असुल गर्नु पर्ने रु.</td><td>१,४७२।-</td><td></td><td></td></tr>
<tr><td>१४.३</td><td></td><td><u>अनुदानः</u> स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) अनुसार अधिकार प्राप्त अधिकारीले सम्बन्धित बजेट भित्रको रकम खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले देहाय अनुसारका विभिन्न गा.वि.स./न.पा. तथा संघ संस्थाहरुलाई सडक खानेपानी सिंचाई एवं अन्य विभिन्न कार्यक्रम संचालन गर्नको लागि भनि खर्चसँग सम्बन्धित विल भरपाई, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन जाँचपास फरफारक आदि आधारभूत प्रमाण कागजात सम्लग्न नगरी गा.वि.स. न.पा. तथा संघ संस्थाको बैंक खातामा अनुदान स्वरुप बजेट खर्च लेख्ने गरेको देखियो । यस विषयमा छलफल गर्दा अनुदान संचालन कार्यविधि २०६७ अनुसार रु. ३,००,०००।- भन्दा कम रकमका योजनाहरु गाउँ विकास समितिहरुलाई संचालन गर्न अनुदान दिनु पर्ने व्यवस्था अनुसार अनुदान पठाएको कार्यालयको भनाई रहेको छ । तथापी जिल्ला विकास समितिले रु. ३,००,०००।- भन्दा कम रकमका योजनाहरु आफैले संचालन गरेको पनि देखिन्छ । यसबाट तालुक मन्त्रालयले दिएको खर्चको अख्तियारी र त्यसको कार्यान्वयनमा तालमेल मिलेको देखिएन । साथै स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावलीको व्यवस्थासँग बाँझिने गरि कार्यविधि बनाउन मिल्ने देखिदैन । तसर्थ नियमावलीको व्यवस्थाको पालना नगरी गरेको खर्च नियमसंगत देखिएको रु.
<table>
<tr><td>क्र.स.</td><td>कार्यक्रमकोनाम</td><td>भौ.नं. र मिति</td><td>अनुदान दिएको संस्थाको नाम</td><td>अनुदान रकम</td></tr>
<tr><td>१</td><td>विद्युत विकास</td><td>२१।०६९।२।१६</td><td>देवदह</td><td>२५००००।००</td></tr>
<tr><td>२</td><td>विद्युत विकास</td><td>२२।०६९।२।१६</td><td>शंकरनगर</td><td>१५००००।००</td></tr>
<tr><td>३</td><td>विद्युत विकास</td><td>२३।०६९।२।१६</td><td>सिनपा</td><td>१२५०००।००</td></tr>
<tr><td>४</td><td>विद्युत विकास</td><td>३३।०६९।३।११</td><td>आनन्दवन</td><td>३००००।००</td></tr>
<tr><td>५</td><td>विद्युत विकास</td><td>३४।०६९।३।१२</td><td>विभिन्न १४ गाविस</td><td>५१५०००।००</td></tr>
<tr><td>६</td><td>झो.पु.क्षेत्रगत कार्यक्रम</td><td>२०।०६९।३।२५</td><td>बुटवल नपा</td><td>३०००००।००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१३७००००।००</td></tr>
</table></td><td>१३,७०,०००।-</td><td></td><td></td></tr>
<tr><td>१४.४</td><td></td><td><u>अग्रिम करः</u> आयकर ऐन २०५८ को दफा ८७,८८,८९ अनुसारको भुक्तानीमा लाग्ने करकट्टी गरेर मात्र कार्यालयले भुक्तानी दिनु पर्दछ  तर देहायको विवरण अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा गरेको देखिएन ।
<table>
<tr><td>क्र.स.</td><td>कार्यक्रमको नाम</td><td>भौ.नं. र मिति</td><td>भुक्तानी विवरण</td><td>कर रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>युवा तथा खेलकुद</td><td>१३।०६९।३।१८</td><td>बाासजन्य हस्तकला सामग्री निर्माण</td><td>२६२५।००</td><td>१५ प्रतिशत</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तालिमको नपुग पारिश्रमिक कर | | |
| २ | मधेसी मुस्लिम पिछडा वर्ग | २६।०६९।३।२५ | इस्टर्न ट्रेण्ड इम्पेक्स भैरहवा (सिलाई मेशिन रिक्सा खरिद) | ४५००।०० | १.५ प्रतिशत |
| ३ | भ्रो.पु. | ४।०६८।१०।२९ | सि.डिएम. नेपाललाई प्राविधिक परामर्शसेवा वापतको भुक्तानी २,९७,५६८।- मा १५% प्रतिसतकर कट्टा गर्नु पर्नेमा १.५ मात्र कट्टा गरेको | ४०,१५७।०० | मु.अ.कर दर्ता नभएकोले १५% प्रतिसत |
| ४ | भ्रो.पु. | २२।०६९।३।२५ | सि.डि.एम नेपाललाई प्रा.परामर्श शुल्क वापतको भुक्तानी रु. १,७७,८२०।- को १५ प्रतिसत | २६६७३।०० | मु.अ.करमा दर्ता नभएकोले १५% प्रतिसतले |
| ५ | जनसहभागितामा आधारित विकास कार्यत्रम | १६।०६९।३।१५ | नवयुवा क्लव सैनामैना खेलमैदान निर्माण बोलबम नि.से.डोजर भाडा कर | २०८००।०० | मु.अ.करमा दर्ता नभएकोले १०% |
| ६ | स्था.शासन तथा सा.कार्यक्रम | १३२।६९।२।२३ | जि.स. सन्तोष राज पन्थीको पे.फ. गर्दा न्यु इन्टरेक्टिभ क.भैरहवाबाट सामान खरिद | १११५।०० | १.५ प्रतिसत |
| | | | जम्मा | ९५८७०।०० | |

आर्थिक ऐनले गरेको व्यवस्था उपर ध्यान नदिएको कारण यसो हुन गएको देखिन्छ । यसो गर्दा सरकारी राजस्व न्युन हुन जान्छ । तसर्थ ऐनको व्यवस्था अनुसार लाग्ने कर असुल गर्नु पर्ने रु. ९५,८७०।-

१५

१५.१

**निर्णय कार्यान्वयन:**

**योजना छनौट:** जिल्लापरिषदबाट स्वीकृत भएका कार्यक्रम अनुसारका योजनाहरु संचालन गरि ति योजनाहरुमा खर्च गरिनु पर्दछ । १८ औं जिल्ला परिषदले देहाय अनुसारका कार्यक्रम अर्न्तगत निम्न योजनाहरु संचालन गर्ने गरि बजेट प्रस्ताव गरेकोमा कार्यालयले कार्यक्रम संचालन गर्दा प्रस्तावित योजना संचालन नगरी अर्कै योजनाहरु संचालन गरेको देखियो ।

| क्र.स. | कार्यक्रमको नाम | प्रस्तावित योजना | बजेट | संचालित योजना | बजेट |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ग्रामीण खानेपानी खा.पा. | लक्ष्मीपथ खा.पा. योजना बुटवल ११ | २४,२५,०००।- (मगरघाट समेत) | प्रस्तावितमा नपरेका विभिन्न आठ योजनाहरु | २४,००,०००।- |
| २ | ग्रामीण खानेपानी खा.पा. | नेवा खल आर्टिजन जडान सिनपा ६ | | | |

यसरी दलिय राजनैतिक कारणबाट परिषदले प्रस्ताव गरेका योजना संचालन नगरी अन्य योजनाहरु संचालन गरेको देखियो । यस विषयमा छलफल गर्दा परिषदबाट पारित योजनाहरु अन्य श्रोतबाट सम्पन्न भईसकेकोले योजना संसोधन गरी संचालन गरेको जनाएको छ । तर संसोधित कार्यक्रममा उक्त व्यहोरा खुल्न आएको देखिएन ।

१५.२

**सम्परिक्षण:** लेखा परिक्षणमा प्राप्त विवरण अनुसार गत विगत आर्थिक बर्षका बेरुजु रु. १८,७८,३१,७७३।७७ रहेकोमा रु. १,०५,८१,०१६।- फछर्यौट गरि रु. १७,७२,५०,७५७।७७ बाँकी देखाएको छ । कार्यालयले देहायको विवरण अनुसार गत विगत बर्षका बेरुजु सम्बन्धि प्रमाण कागजातहरु संलग्न गरि फछर्यौटको प्रकृया पुरयाई सम्परिक्षण गरिदिन अनुरोध गरेकोमा डोर मुकाममा प्रेरित बिल भरपाई प्रमाण कागजात परिक्षण गर्दा व्यहोरा मनासिब देखिएकोले देहाय अनुसार सम्परिक्षण गरिएको छ । यसरी सम्परिक्षण गरिएको रकम महालेखा परिक्षकको कार्यालयको लगत अंकसँग भिडान गरि लगत कट्टीको जानकारी पछि पठाइने छ ।

| क्र.स. | आ.व. | व.उ.शी.नं. | बेरुजु दफा नं | बेरुजुको विवरण र फछर्यौटको छोटकरी व्यहोरा | फछर्यौट रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०६४।६५ | ६९।४।४०१ ( मधेसी मुस्लिम) | ३ | गोना गाविसको पेश्की विल भरपाई पेश भई फछर्यौट रु. | ५००००।०० | |
| २ | ०६५।६६ | ६९।४।४०१ ( मधेसी मुस्लिम) | ७ | का.अ. दुर्गा प्र.श्रेष्ठको पेश्की विल भरपाई एवं दाखिला भई फछर्यौट रु. | ३०१७५०।०० | |
| ३ | ०६५।६६ | ६९।४।८५३ स्था.स्वा.शासन) | १४ | धन ब.गुरुंगको पेश्की बिल भरपाई पेश भई फछर्यौट रु. | ९९०००।०० | |
| ४ | २०६४।६५ | ९५।४।९५१ - नि.क्षे.वि.का.) | ११.१ | हा.फर्साटिकर, हा.बनगाई, गोनहा, पडसरी, बगौली, रुद्रपुर, बोदबार, गाविसको पेश्की विल भरपाई पेश भई फछर्यौट रु. | ८२१०००।०० | |
| ५ | ०६५।६६ | ६९।४।८१५ | २७ | ठे. वाई पि जयबुद्ध जे.भि.को पेश्की रनिंग विलबाट फछर्यौट रु. | ३७०००००।०० | |
| ६ | ०६६।६७ | ६९।४।८०५ | १५ | केशव भट्टराईको पेश्की विल भरपाई पेश भई फछर्यौट रु. | २९८६३५।०० | |
| ७. | ०६६।६७ | ६९।३।८५३ | ३४ | मुक्ति प्र.भट्टराई . १४,२५०।- विकास प्र.पौडेल रु. | ४१७७५०।०० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २८,५००।- डेग ब. सुवेदीको रु. १,००,०००।-शिवराम भट्टराईको रु.१,२५,०००।- नवराज ढुंगानाको रु. १,५०,०००।- गरी जम्मा रु. ४,१७,७५०।- विल भरपाई पेश भई फछ्यौंट रु. | | | | | |
| | | ८ | ०६६।६७ | ६९।४।८५३ | २१ | हफिजुल्लाह मुसलमानको पेश्की बिल भरपाई पेश भई फछ्यौंट रु. | ८७१०००।०० | | | | |
| | | ९ | ०६६।६७ | ६९।४।८०४ | १३ | सिता सिंहको रु. ३,८५,०००।- र गया यादवको रु. १,४७,७५०।- गरी .रु. ५,३२,७५०।- पेश्की बिल भरपाई तथा दाखिला प्रमाण पेश भई फछ्यौंट रु. | ५३२७५०।०० | | | | |
| | | १० | ०६६।६७ | ६९।४।८१४ | ३१ | जागेश्वरी चौधरी गंगोलियको रु. १२,३६,०००।- महम्मद ईसाको रु. ७३४,६००।- र सिकचन यादवको रु. ३,६९,२००।- गरि रु. २३,३९,८००।- पेश्की बिल भरपाई तथा दाखिला प्रमाण पेश भई फछ्यौंट रु. | २३३९८००।०० | | | | |
| | | ११ | ०६७०६८ | ६९।४।८१४ | २४ | शाह आलम खाँको पेश्की बिल भरपाई पेश भई फछ्यौंट रु. | ४००००।०० | | | | |
| | | १२ | ०६७०६८ | ६९।४।८३७ | ३४ | अर्घाखाँची बाबुल जेभिको पेश्की तेश्रो रनिग बिल बाट फछ्यौंट रु. | ५०००००।०० | | | | |
| | | १३ | ०६७०६८ | ६९।३।८५३ | ४० | दुर्गा प्र.श्रेष्टको रु. ५०,०००।- र सन्तोषराज पन्थीको रु. ९०,०००।- गरी रु. १,४०,०००।- पेश्की विल भरपाई पेश भई फछ्यौंट रु. | १४००००।०० | | | | |
| | | १४ | ०६७०६८ | ६९।४।८५३ | ४४ | नमराज श्रेष्ठको रु. ४,५०,०००।- मिना निर्माण सेवाको रु. ४,२२,०००।-, एसियाली कन्स्ट्रक्सनको रु. १,००,०००।- र प्रितम विल्डर्सको रु. १,५०,०००।- समेत गरी रु. ११,२२,०००।- पेश्की बिल भरपाई पेश भई फछ्यौंट रु. | ११२२०००।०० | | | | |
| | | १५ | ०६७०६८ | ६९।४।८६८ | ३७ | विभिन्न २४ योजनाको उपभोक्ता समितिको नामको | ४०,६५,९००।०० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पेश्की कार्यसम्पन्न प्रतिवेदन विल भरपाई पेशभई फछ्र्यौट रु. | | |
| १६ | ०६७०६८ | ६९।४।८०४ | १७ | सालभ्कण्डी गाविसको पेश्की बिल भरपाई एवं दाखिला प्रमाण पेश भई फछ्र्यौट रु. | ९८५००।०० | |
| १७ | ०६७०६८ | ६९।३।१४५ | ७ | देहायका गा.वि.स.हरुको नामको सामाजिक सुरक्षा भत्ता पेश्की रकम भत्ता वितरणको फांटवारी नगद दाखिला प्रमाण पेश भै रु. १,८१,७०,५००। फछ्र्यौट भएको छ। | | |
| | | | | आनन्दवन | १०८५००० | |
| | | | | असु?ैना | ४७१५०० | |
| | | | | बगौली | ५९५०० | |
| | | | | बै?३६ | ५२५०० | |
| | | | | ख.बनगाई | १४००० | |
| | | | | बसन्तपु? | ३७६३०० | |
| | | | | बेतकुईया) | ४९०६०० | |
| | | | | विष्0ापु?ा | ८२६०० | |
| | | | | बोगी | ६०६६०० | |
| | | | | दयानग? | ८३४६०० | |
| | | | | देवदह | २१४२१०० | |
| | | | | धकधई | १७३६०० | |
| | | | | ग)गोलिया | ५१०७०० | |
| | | | | गोनहा | ८०२६०० | |
| | | | | कम्हा?या | १०७८१०० | |
| | | | | क?ौता | ७६१७००।०० | |
| | | | | मैनहिया | ९९००० | |
| | | | | मानपकी | २०५०० | |
| | | | | मानमद्दे?या | १५०८६०० | |
| | | | | मर्यादपु? | ३९९२०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पस?ी | १८५६०० | |
| | | | | प६खौली | ५६६००० | |
| | | | | सौ.फर्सा्दिक? | २८००० | |
| | | | | ?ायपू? | २१२२०० | |
| | | | | साी | ४६२६०० | |
| | | | | सेम?ा | ३६००० | |
| | | | | सेमला? | ९८६३०० | |
| | | | | सिलौद्दिया | ५८१००० | |
| | | | | सुर्यपु?ा | १३२५९०० | |
| | | | | तेनुहवा | ७२९५०० | |
| | | | | थु.पिप?हवा | ४४२८०० | |
| | | | | दिकुलीग९ | १०४५३०० | |
| १८ | ०६७६८ | ६९।४।३२० | १० | दुर्गा प्र. श्रेष्टको पेश्की प्रमाण पेश भई फछ्यौंट रु. | ४०००।०० | |
| १९ | ०६७६८ | ६९।४।३८० | ११ | दुर्गा प्रसाद श्रेष्ठको पेश्की बिल भरपाई पेश भई फछ्यौंट रु. | ७०००।०० | |
| २० | ०६७६८ | ६९।४।४०१ | १४ | नसिरउद्दिन मुसलमानको पेश्की बिल भरपाई पेश भई फछ्यौंट रु. | २०६००।०० | |
| २१ | ०६७६८ | ६९।४।८०५ | १७ | शैलेन्द्र कुमार पाण्डेको पेश्की बिल भरपाई पेश भई फछ्यौंट रु. | २९०००।०० | |
| | | | | जम्मा | ३३६२९१८५।०० | |

१६ **कार्यक्रम कार्यान्वयन:**

१६.१ **चौमासिक पूँजिगत खर्च:** कार्यालयले पूर्व स्वीकृत कार्यक्रम अनुसार योजना संचालन गरि सो अनुसार बजेट खर्च गर्नु पर्दछ। कार्यालयबाट प्राप्त चौमासिक खर्चको स्थिति देहाय अनुसार छ।

(रु. हजारमा)

| क्र.स. | कार्यक्रमको नाम | कुल खर्च | प्रथम | दोश्रो | तेश्रो | आषाढको खर्च | कुल खर्च मध्ये आषाढको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | पश्चिम ने.ग्रा.खा.पा. | ३७९९६ | ५५७८ | १०३७५ | २२०४३ | १२९३८ | ३४.०५ |
| २ | लोपोन्मुख आदिवासी | २०० | ।०० | १०५ | ९५ | ९५ | ४७.५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | विद्युत विकास | ६००० | १०० | ७३ | ५९.२७ | ३५१२ | ५८.५३ |
| ४ | मधेसी मुस्लिम | २२१६ | १०० | ४५ | २१७१ | १८६१ | ८३.९८ |
| ५ | जिविस अनुदान | ६४३६० | १०१७५ | १३४७२ | ४०७१३ | १९८२५ | ३०.८० |
| ६ | झो.पु. क्षेत्रगत कार्यक्रम | ४९११ | | २८ | ४८८३ | ३२५६ | ६६.३० |
| ७ | स्था.स्तरका सडक पुल | ७९७१ | २० | १०८६ | ६८६५ | ३८१६ | ४७.८७ |
| ८ | ग्रा.खा.पा. तथा स.स. | २५०० | १०० | १०० | २५०० | २०५४ | ८२.१६ |
| ९ | स्था.पूर्वा.सिंचाई | २१०८ | १०० | १०० | २१०८ | १६५८ | ७८.६५ |
| १० | स्था.या. पू. क्षे.का. | ११००० | | १०६३ | ९९३७ | ६०७५ | ५५.२२ |
| ११ | नि.क्षे.वि.का. | १३३२८ | | १६४ | १३१६४ | १२२०७ | ९१.५८ |
| १२ | जनसहभागितमा आ.वि.का. | ६३६५ | | | ६३६५ | ४४१० | ६९.२८ |
| १३ | पिछडिएको तराई क्षेत्र | ४१९६ | | | ४१९६ | २९७२ | ७०.८२ |
| १४ | केन्द्रिय स्तरका सडक | ८११२ | | | ८११२ | ७५०४ | ९२.५० |
| | जम्मा | १७१२६३ | १५७७३ | २६४११ | १२९०७९ | ८२१८३ | ४७.९८ |

उल्लेखित विवरणलाई विश्लेषण गर्दा १४ कार्यक्रमहरुमा देखिएको बर्ष भरको खर्च रु. १७ करोड १२ लाख ६३ हजार मध्ये प्रथम चौमासिकमा १ करोड ५७ लाख ७३ हजार, दोश्रो चौमासिकमा २ करोड ६४ लाख ११ हजार र तेश्रो चौमासिकमा १२ करोड ६०लाख ७९ हजार खर्च भएको देखियो । तेश्रो चौमासिकको खर्च मध्ये पनि आषाढमा मात्र ८ करोड २१ लाख ८३ हजार खर्च गरेको देखिन्छ । बर्ष भरको खर्चको तुलनामा तेश्रो चौमासिकको खर्च ७५.३६ प्रतिशत देखिएको छ । त्यसैगरी तेश्रो चौमासिकमा भएको खर्चको ६३.६६ प्रतिशत खर्च आषाढमा मात्र भएको छ । कार्यालयले पूर्व स्वीकृत कार्यक्रम अनुसार तोकिएको समयमा योजना संचालन गर्न नसक्नाले यस्तो स्थिति आएको देखिन्छ । यसरी बर्षान्तमा बजेटको ठुलो अंश खर्च गर्दा गुणस्तरीय तवरबाट समयमै योजना सम्पन्न गर्न कठिन पर्न जाने देखिन्छ । तसर्थ तोकिएको समयमा नै स्वीकृत कार्यक्रम अनुसार योजना संचालन गरिनु पर्दछ ।

१६.२

**खरिद इकाईः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ (३) अनुसार कार्यालयले खरिद योजना तयार गर्ने समेत कार्यको लागि एक खरिद इकाईको स्थापना गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले खरिद इकाईको स्थापना गरेको देखिएन । ऐनले गरेको व्यवस्था उपर ध्यान नदिएका कारण यसो हुनगएको देखिन्छ । यसले गर्दा कार्यालयले गरेको खरिद कार्य नियमित एवं प्रभावकारी छ भन्न सकिदैन । तसर्थ ऐनको व्यवस्था अनुसार खरिद इकाईको स्थापना गरिनु पर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १७<br>१७.१ | | **अन्य विशेष कार्यक्रम:**<br>**योजना छनौट:** स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अर्न्तगत संचालन गर्नु पर्ने सडक योजनाहरु छनौट गर्दा जिल्ला यातायात गुरु योजनामा समावेश भएका सडक योजनाहरु मात्र छनौट गर्नु पर्दछ । तर १८ औं जिल्ला परिषदले छनौट गरेका ११ सडक योजनाहरु मध्ये जिल्ला यातायात गुरु योजनामा नपरेका देहायका सडक योजनाहरु छनौट गरि संचालन गरेको देखियो ।<br>क्र.स.   सडक योजनाको नाम   बजेट<br>१   झुलनीपुर सिपवा दुई मुहन सडक कालोपत्रे   ९,००,०००।-<br>२   महजिदिया महिलवार सडक   ९,००,०००।-<br>३   रानीबगिया बोलबम धाम सडक कालोपत्रे   ९,००,०००।-<br>यसरी गुरु योजनामा नपरेका सडक संचालन गर्नुमा दलिय राजनीतिक कारण भएको छलफलबाट खुल्न आएको छ । यसले गर्दा जिल्ला यातायात गुरु योजना अनुसार काम हुन नसकी गुरु योजना छायाँमा पर्न गएको देखियो । तसर्थ गुरु योजनामा नपरेका सडक योजनाहरुको छनौट गर्ने कार्यको अन्त्य हुनु पर्दछ । | | | |
| १७.२ | | **सडक मर्मत संभार:**<br>स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमको लागि प्राप्त कुल बजेटको कम्तीमा ५ प्रतिसत रकम सडक मर्मत संभारको लागि अनिवार्य रुपमा विनियोजन गरि मर्मत संभार कोषमा जम्मा गर्नु पर्ने व्यवस्था सडक मर्मत संभार निर्देशिकाले गरेको छ । यस कार्यक्रमको लागि यस बर्ष विनियोजन भएको बजेट रु. १,३०,००,०००।- को ५ प्रतिसतले हुन आउने रकम रु. ६,५०,०००।- मर्मत संभार कोषमा जम्मा गर्नु पर्नेमा गरेको देखिएन । निर्देशिकामा भएको व्यवस्थाको पालना नभएको कारण यसो हुन गएको देखिन्छ । यसले गर्दा सडक विग्री भत्की मर्मतको प्राथमिकतामा परेका सडकहरुको मर्मत कार्य हुन नसकी लाभग्राही पक्ष लाभान्वित हुन सक्तैनन् । तसर्थ निर्देशिकाले गरेको व्यवस्था अनुसार मर्मत संभार कोषमा रकम जम्मा गर्नु पर्दछ । | | | |
| १७.३ | | **कार्यक्रम दर्ता:**<br>निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि (तेश्रो संसोधन) नियमावली २०६५ को नियम ३ (३) अनुसार सभासदले बर्ष भरिमा कार्यान्वयनगर्न सकिने कार्यक्रमहरु छनौट गरि अनुसुचि १ बमोजिमको कार्यतालिका समेत बनाई सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा प्रत्येक आर्थिक बर्षको पहिलो चौमासिक भित्र पेश गर्नु पर्ने व्यवस्था रहेको छ । तर यस जिल्लाबाट प्रतिनिधित्व गर्ने १५ सभासदहरु मध्ये १ जनाले पौषमा, ३ जनाले माघमा, १ जनाले फाल्गुणमा ६ जनाले चैत्रमा ३ जनाले बैशाखमा मात्र कार्यक्रम पेश गरेको देखियो । यसरी कार्यक्रम बनाई पेश गर्दा नियमले तोकेको अनुसूचि १ बमोजिमको ढाँचामा कार्यान्वयन तालिका बनाउने गरेको पाइएन । नियमावलीले गरेको व्यवस्थामा ध्यान नपुरयाएका कारण यसो हुन गएको देखिन्छ । यसरी कार्यक्रम पेशको ढिलाई, कार्यान्वयन तालिका नबनाउने र अन्तिम चौमासिकतिर हतार हतारमा कार्यक्रम संचालन गर्दा कामको गुरणस्तरमा ह्रास आउन सक्दछ । तसर्थ नियमावलीको व्यवस्था | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अनुसार तोकिएको समय भित्रै कार्यक्रम तयार गरी पेश गर्नु पर्दछ । | | | |
| १७.४ | | **योजनाको छनौटः** निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि (तेश्रो संशोधन) नियमावली , २०६५ को नियम ४ मा सभासदले कुनै ग्रैह सरकारी संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिन, दामासाहीले रकम वितरण गर्न, कुनै राजनितिक दल वा तिनका भातृ संगठनलाई आर्थिक सहायता दिने गरि योजना छनौट तथा संचालन गर्न नपाइने व्यवस्था छ । तर सभासदहरुले नियमावलीको पालना नगरि देहायका योजनाहरुको लागि बजेट विनियोजन गरी संचालन गरेको देखियो ।<br>क्र.स. — योजनाको नाम — विनियोजित बजेट<br>१. पुष्पलाल पार्क कम्पाउण्डवाल निर्माण — २९०,५७५।-<br>२. वि.पि. स्मृति भवन निर्माण — १,९७,०००।-<br>३. नेपाल यातायात स्वतन्त्र मजदुर संगठन अधुरो भवन निर्माण — ३८९०७५।-<br>जम्मा — ८,७६,६५०।-<br>यसो हुनुको कारणमा राजनैतिक दल विशेषको प्रभाव देखिन आउँछ । यसो गर्दा लक्षित समुहका वास्तविक आवश्यकताका योजनाहरु कार्यक्रम बाहिर पर्न जान्छन् । तसर्थ नियमावलीको व्यवस्था अनुसार योजनाको छनौटमा ध्यान पुरयाउनु पर्दछ । | | | |
| १८ | | **स्थलगत अवलोकनः**<br>स्थानीय विकास अधिकारी श्री नारायण ज्ञवाली, प्रमुख जिल्ला इन्जिनियर श्री माधवजंग कार्की, लेखा अधिकृत श्री राजेन्द्र प्रसाद आचार्य, आ.ले.प. अधिकृत श्री इन्द्रदत्त सापकोटा निर्देशक श्री त्रिलोचन आचार्य समेतको संलग्नतामा मिति २०६९।५।११ का दिन पोखरभिण्डी माविको भवन निर्माण, बाँसगढी सुर्यपुरा सडकको ओटासिल कार्य र भगवानपुर गा.वि.स. स्थित तेलार नदी माथिको मोटरेवल पुलको स्थलगत अवलोकन कार्य सम्पन्न गरियो । अवलोकनबाट देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।<br>**क) तेलार नदी मोटरवेल पुलः** स्थानीय स्तरका सडक पुल कार्यक्रम अर्न्तगत रुपन्देही जिल्लाको भगवानपुर गा.वि.स. स्थित उक्त पुलको लागत अनुमान रु.२,१२,१२,२०८।८९ (मु.अ.कर समेत) भै ठेक्का पट्टा प्रकृयाबाट छनौट भएका ठेकेदार वाई.पि.जयबुद्ध जेभिले २०६८।३।३० सम्म काम सम्पन्न गर्ने गरि निजसँग मिति २०६६।३।७ मा ठेक अंक रु. २,१२,००,७८६।२० (मु.अ.करसमेत)को सम्झौता भएको थियो । उक्त पुलको लागि २०६९ आषाढ मसान्त सम्म अन्तिम विलबाट रु. २,०५,९६,३३६।७२ (मु.अ.कर) समेत भुक्तानी भैसकेको छ । पुलको स्थलगत अवलोकन गर्दा निर्माण कार्य समाप्त गरिसकेको देखिए पनि पुलको एप्रोज फिलिंगको काम पानीले क्षति पुरयाई खोलेको देखिन्छ । यस बिषयमा सुधार गर्नु पर्दछ । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | <br>(तेलार नदीको मोटरवेल पुल) | | | |
| | | **ख) पोखरभिण्डी मा.वि. भवनः** भारत सरकारको सयहोगमा रुपन्देही जिल्लाको पोखरभिण्डी गा.वि.स.मा निर्माणाधिन पोखरभिण्डी मा.वि.को भवन निर्माण गर्न र. १,६१,८३,५०८।४२ (मु.अ.कर समेत) को लागत अनुमान तयार गरि ठेक्का पट्टाको प्रकृयाबाट छनौट भएका ठेकेदार बोखिम एण्ड सन्स कन्सट्रक्सन जे.भि.ले मिति २०६९।६।७ भित्र काम सम्पन्न गर्ने शर्तमा मिति २०६८।३।७ मा निजसँग रु. १,३४,३६,७८६।५० (मु.अ.कर समेत) ठेक अंकको सम्झौता भएको थियो । सम्झौता अंक मध्ये २०६९ आषाढ मसान्त सम्ममा ठेकेदारलाई रु. ७७,५०,९३१।१२ (मु.अ.कर ) समेत भुक्तानी भएको छ । निर्माणाधिन उक्त भवनको स्थलगत अवलोकन गर्दा २ तल्ला मध्ये तल्लो तल्लाको झयाल ढोकामा चौकोस मात्र राखेको ग्रिल, खापा, शिशा राख्न बाँकी छ । माथिल्लो तल्लामा करिब ६० प्रतिशत ग्राह्रा लगाई ४० प्रतिसत गाह्रो लगाउन बाँकी देखिन्छ । माथिल्लो टप ढलान वरिपरि प्यारापिट वालको प्लाष्टर गर्न बाँकी छ । इलेक्ट्रिफिकेशन एवं रंगरोगनका सबै काम बाँकी नै छन् । काम सम्पन्न गर्ने म्याद पुग्न अब करिब २५/२६ दिन मात्र देखिएकोले उक्त म्याद भित्र माथि उल्लेखित बाँकी सबैकाम सम्पन्न गर्न सक्ने अवस्था देखिदैन । तसर्थ सिघ्रातिसिघ्र भवन निर्माणको काम पुरा गर्न निर्माण व्यवसायी र कार्यालय दुवैको ध्यान जानु जरुरी देखिन्छ । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | |  (निर्माणाधिन पोखरभिण्डी मावि) | | | |